लोक सेवा आयोग

नेपाल नागरिक उड्डयन प्राधिकरण, प्रशासन, प्रशासन, प्रशासन, नवौं, प्रबन्धक पदको खुला प्रतियोगितात्मक लिखित परीक्षा

२०७९।०५।०१

पत्र : प्रथम

समय : ३ घण्टा

पूर्णाङ्क : १००

विषयः प्रशासन र व्यवस्थापन

| प्रत्येक **खण्ड**को उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ । |
|---|

खण्ड "क" ५० अङ्क

१. व्यवस्थापन सूचना प्रणाली (Management Information System) को सैद्धान्तिक अवधारणा प्रष्ट गर्दै नेपाल नागरिक उड्डयन प्राधिकरणको व्यवस्थापन सूचना प्रणालीका सवल र कमजोर पक्षहरूबारे विवेचना गर्नुहोस् । ५+५=१०

२. सार्वजनिक सेवाको अवधारणात्मक पक्षमा प्रकाश पार्दै नेपालको सार्वजनिक सेवाहरूलाई व्यवस्थित र प्रभावकारी बनाउन गरिएका प्रयासहरूको सिंहावलोकन गर्नुहोस् । सेवाग्राहीमैत्री, जिम्मेवार र जवाफदेही एवं छरितो सेवा प्रवाहको लागि नेपालको सन्दर्भमा के-कस्ता व्यवहारिक र कार्यान्वयनयोग्य सेवा प्रवाह रणनीतिको आवश्यकता पर्दछ? विवेचना गर्दै सुझाव प्रस्तुत गर्नुहोस् । १०+१०=२०

३. प्रत्येक संस्थाको कार्यसम्पादन त्यस्ता संस्थामा कार्यरत मानव स्रोत (Human Resource) मा निर्भर रहन्छ । अन्य भौतिक तथा वित्तीय साधनहरूको उपयोगबाट उपलब्धि हासिल गर्ने कुरा पनि मानव स्रोतको क्रियाशिलता, क्षमता, दक्षता र इमान्दारितामा भर पर्दछ । त्यसैले मानव स्रोतको व्यवस्थापन हरेक संस्थाको प्राथमिकताको विषय बन्नुपर्दछ । तर नेपालका सार्वजनिक निकायहरूमा मानव स्रोतको व्यवस्थापन प्रभावकारीरूपमा हुन नसकेकाले त्यस्ता निकायहरूको कार्यसम्पादन मात्र होइन छविसमेत सन्तोषप्रद रहेको पाइदैन । यस सन्दर्भमा मानव स्रोत व्यवस्थापनका आधारभूत पक्षहरूबारे प्रष्ट पार्दै नेपालको सार्वजनिक क्षेत्रमा मानव स्रोत व्यवस्थापनका सम्बन्धमा विद्यमान कमी कमजोरीहरू औंल्याउनुहोस् । साथै ती कमी कमजोरी हटाउन के-कस्तो उपाय अवलम्बन गर्नुपर्ला? कार्यान्वयनयोग्य सुझाव प्रस्तुत गर्नुहोस् । ५+८+७=२०

खण्ड "ख" ५० अङ्क

४. नेपालमा निजी क्षेत्रको विकास नहुँदै जनतालाई आधारभूत सेवा प्रदान गर्न सार्वजनिक संस्थाहरू स्थापना भए । तर यस्ता अधिकांश संस्थाहरू प्रत्येक वर्ष नोक्सानीमा गई सरकारलाई व्ययभार मात्र बनेका छन् । यस परिप्रेक्ष्यमा सार्वजनिक संस्थाहरूमा विद्यमान वित्तीय प्रणालीको समीक्षा गर्दै समस्या र चुनौतीहरूबारे विवेचना गर्नुहोस् । १०

क्रमशः